जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १४० पृष्ठ: ४ | २०८३ असोज ०७ बुधबार (Wednesday 23 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

शीत भण्डार आयोजना अलपत्र, किसानको जग्गा सात वर्षदेखि उपयोगविहीन

सिरहा, ६ असोज। लहान नगरपालिका-११ पडरियाका आठ जना किसानले शीत भण्डार निर्माणका लागि आफ्नो एक बिघा दुई कट्ठा कृषियोग्य जग्गा ३० वर्षका लागि भाडामा दिए। जग्गा भाडामा दिएको अहिले सात वर्ष बितिसक्यो। न त उक्त जग्गामा शीत भण्डार निर्माण भएको छ न त किसानले जग्गाको उपभोग नै गर्न पाएका छन्।

मधेस प्रदेश सरकारको महत्वाकांक्षी योजनाका रूपमा विसं २०७५ फागुन ११ गते तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले पडरियामा शीतभण्डारको शिलान्यास गरेका थिए। शीत भण्डार निर्माण भएपछि सिराहा र सप्तरीका किसानले आँप, आलु तथा मौसमी तरकारीलगायत कृषि उपज सस्तो मूल्यमा बिक्री गर्नुपर्ने वा बजार नपाएर खेर फाल्नुपर्ने समस्या हट्ने सरकारको अपेक्षा



थियो। सात वर्षपछि निर्माणस्थलमा अधुरा संरचना, झाडी र पशु चराउने ठाउँबाहेक केही बाँकी छैन।

एक हजार ५०० मेट्रिकटन क्षमताको शीत भण्डार निर्माणका लागि २०७५ माघ ७ गते सप्तरीको मलेकपुरस्थित शुभनारायण कृषि व्यावसायिक फर्मसँग रु १७ करोड ३२ लाख ७१ हजार ५६ मा सम्झौता भएको थियो। सम्झौताअनुसार आयोजनामा प्रदेश सरकारको ८० प्रतिशत र सम्बन्धित फर्मको २० प्रतिशत साझेदारी रहने व्यवस्था थियो।

सम्झौतापछि फर्मले मन्त्रालयबाट पहिलो किस्ताबापत रु एक करोड भुक्तानी लिएको थियो। सो रकमबाट कार्यालय भवनको 'डिपिसी' र केही भागमा 'कम्पाउन्ड वाल' निर्माणलगायत प्रारम्भिक काम भए पनि त्यसपछि निर्माण अघि बढ्न सकेन। आयोजना सुरु गर्दा पर्याप्त पूर्व तयारी र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बिना प्रक्रिया अघि बढाइएको, लागत अनुमान र कार्यान्वयन प्रक्रियामा कमजोरी देखिएको तथा भुक्तानी र छानबिनका विषय उठेपछि आयोजना अघि बढ्न नसकेको प्रदेश सरकारका अधिकारीहरू बताउँछन्।

अधुरो संरचनामै हराउँदै निर्माण सामग्री

निर्माण रोकिएपछि पडरियास्थित शीतभण्डारको संरचना संरक्षणविहीन बनेको स्थानीयको भनाइ छ। निर्माणस्थलमा रहेका फलामे रड चोरी भएको तथा केही पिलर फुटाएर फलाम निकालिएको स्थानीय बताउँछन्। स्थानीय किसान राजेन्द्रप्रसाद साहले निर्माण स्थल संरक्षणविहीन हुँदा सरकारको

-बाँकी तीन पेजमा

कांग्रेस सिरहाका सात नेता कार्यकर्ता एक वर्षका लागि पार्टीबाट निष्कासित

सिरहा, ६ असोज। नेपाली कांग्रेस सिरहाका ७ जना नेताहरूलाई पार्टीबाट एक वर्षका लागि निष्कासन गरिएको छ। केन्द्रीय अनुशासन समितिले गत फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा आधिकारिक उम्मेदवारलाई असहयोग गरेको आरोपमा सिरहाका सात जना नेता-कार्यकर्तालाई एक वर्षका लागि पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको हो।

३१ भदौमा बसेको केन्द्रीय अनुशासन समिति बैठकले उनीहरूमाथि कारबाही गर्ने निर्णय गरेको हो। कारबाहीमा पर्नेमा औरही गाउँपालिका-५ का शुभाषकुमार दास, औरही गाउँपालिका-३ का महादेव यादव, सुखीपुर नगरपालिका-६ का क्षेत्रीय सदस्य शत्रुध्नप्रसाद यादव, धनगढीमाई नगरपालिका-१० का जिल्ला सदस्य निलकुमार राउत, गोलबजार नगरपालिका सभापति राजदेव साह(लालबाबु), गोलबजार नगरपालिका-९ का सभापति प्रेमशरण यादव र विष्णुपुर गाउँपालिका-५ का प्रदेश अधिवेशन प्रतिनिधि मुरली रायमाझी रहेका छन्। कांग्रेसको विधान, २०१७ (एघारौँ संशोधनसहित) को धारा ३४ (८) (घ) बमोजिम उनीहरूलाई एक वर्षका लागि पार्टीबाट निष्कासन गर्ने निर्णय गरिएको उल्लेख छ।

लहानमा दुई ठूला पूर्वाधार योजना सुरु





लहान, ६ असोज। लहान नगरपालिकामा ठूला तथा दीर्घकालीन पूर्वाधार विकासका योजनाले गति लिन थालेका छन्। नगरपालिकाले असोज १ गते दुई ठूला विकास योजनाको ठेक्का सम्झौता गरेपछि असोज ५ गते नै दुवै योजनाको शिलान्यास गरिएको छ। निर्माण व्यवसायीले दुवै योजना अबको दुई महिनाभित्र सम्पन्न गर्ने दाबी गरेको नगरप्रमुख महेश प्रसाद चौधरीले बताएका छन्।

लहान नगरपालिका वडा नं. १६ स्थित फरेष्ट चेकपोस्टदेखि तरेगनासम्म कालोपत्रे सडक निर्माणका लागि दैव चुब्लु आयुष्मा जेभी, धनगढीमाई-५, सिरहासँग रु. ३ करोड २ लाख ६२ हजार ४ सय ३५ रुपैयाँमा सम्झौता भएको छ। सम्झौताअनुसार उक्त सडक निर्माण

-बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

बस्तीपुर विद्यालयको पुनर्जागरण

लहान नगरपालिका वडा नं.–१४ मा स्थित ऐतिहासिक श्री बस्तीपुर माध्यमिक विद्यालय यतिबेला आफ्नो गुमेको साख फर्काउने नयाँ आशाको मोडमा उभिएको छ। विसं. २००४ सालमा नेपाली कांग्रेसका बौद्धिक नेता स्वर्गीय प्रदीप गिरिका पिता मित्रलाल गिरी र पण्डित विश्वरञ्जन बारालको दूरदर्शी सोचबाट स्थापना भएको यो विद्यालय कुनै समय मधेशकै अग्रणी शैक्षिक धरोहरको रूपमा स्थापित थियो। तीन दशकअघिसम्म तीन हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको यस प्राङ्गणमा अहिले विद्यार्थी संख्या घटेर ८०२ जनामा सीमित हुन पुग्नु पक्कै पनि शैक्षिक क्षेत्रका लागि गम्भीर चिन्ता र समीक्षाको विषय हो।

बस्तीपुर विद्यालयको यो दयनीय अवस्था रातारात सिर्जना भएको भने होइन। दशकौंअघि यस क्षेत्रको विकास र पठनपाठनको रेखदेखमा सक्रिय रहेको पहाडे समुदायको बस्तीपुरबाट अन्यत्र बसाइसराइ हुनु, स्थानीय समुदायको अग्रसरता घट्दै जानु र निजी विद्यालयहरूतर्फ अभिभावकहरूको अचाक्ली 'अंग्रेजी मोह' बढ्नु नै यस ह्रासको मुख्य कारक बन्यो। लहान नगरपालिकाले अंग्रेजी माध्यममा कक्षा सञ्चालन गरेर विद्यालयको अवस्था सुधार्ने प्रयास नगरेको होइन, तर पुरानो जिर्ण संरचना, भौतिक पूर्वाधारको अभाव र प्रविधिको कमीले गर्दा सोचेजस्तो नतिजा हासिल हुन सकेन।

तर, हालै सिरहा–१ का सांसद बब्लु गुप्ताको विशेष पहलमा शिक्षा मन्त्री सस्मित पोखरेलले गर्नुभएको विद्यालयको प्रत्यक्ष निरीक्षणले स्थानीयबासी, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिमा नयाँ उत्साह र भरोसा सञ्चार गरेको छ। शिक्षा मन्त्रीले निरीक्षणका क्रममा विद्यालयलाई पूर्ण रूपमा जस्तापातामुक्त र अत्याधुनिक प्रविधियुक्त बनाउने जुन सार्वजनिक प्रतिबद्धता व्यक्त गर्नुभएको छ, त्यसले ८० वर्ष पुरानो यस ऐतिहासिक संस्थाको भौतिक र शैक्षिक पुनरुत्थानको ढोका खोलेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुण यादव र प्रधानाध्यापक शोभानन्द चौधरीका अनुसार पुरानो भवनलाई विस्थापित गरी नयाँ ढलानसहितको आधुनिक संरचना निर्माण गर्न सकेमा विद्यालयले पुनः आफ्नो पुरानो उचाइ प्राप्त गर्न सक्नेछ।

कुनै पनि सार्वजनिक शैक्षिक संस्थाको साख फर्काउन केवल मन्त्रीको निरीक्षण वा सरकारी आश्वासन मात्र पर्याप्त हुँदैन। स्थानीय तह लहान नगरपालिका, जनप्रतिनिधि, अभिभावक र नागरिक समाजको निरन्तर सहकार्य उत्तिकै आवश्यक छ। मानव अधिकारवादी राजकुमार राउतले भनेझैं मन्त्रीको आगमन र प्रतिबद्धताले सकारात्मक ऊर्जा दिएको छ, तर अब त्यसलाई व्यवहारमा उतार्न बजेटको समयमै व्यवस्थापन र गुणस्तरीय पठनपाठनको सुनिश्चितता हुनुपर्छ। बस्तीपुर माध्यमिक विद्यालयले आफ्नो गुमेको गरिमा पुनः फर्काउन सक्यो भने यो मधेश प्रदेशका अन्य जिर्ण सामुदायिक विद्यालयहरूका लागि पनि एउटा प्रेरक उदाहरण बन्नेछ। राजकीय प्रतिबद्धता कागजी आश्वासनमा मात्र सीमित नरही बस्तीपुरको शैक्षिक गरिमा चाँडै पुनर्स्थापित होस्।

लहानमा दुई ...

२०८४ असोज १ गतेसम्म सम्पन्न गर्नुपर्नेछ। त्यसैगरी, लहान नगरपालिका वडा नं. ४ मा पर्ने गोधूलि होटलदेखि उत्तर कैलाश महतोको घरसम्म पक्की नाला तथा कालोपत्रे सडक निर्माणका लागि पनि सोही निर्माण व्यवसायीसँग सम्झौता भएको छ। उक्त योजनाको भ्याट र पीएससहितको सम्झौता रकम रु. २ करोड ७२ लाख ४ हजार ८ सय २९ रुपैयाँ ३० पैसा रहेको छ।

साउनदेखि नै कम तथा मझौला लागतका विकास योजनाहरू सञ्चालनमा ल्याउँदै आएको नगरपालिकाले असोजको सुरुवातसँगै ठूलो लागत तथा दीर्घकालीन महत्वका योजनालाई समेत अघि बढाएको हो। सम्झौता भएको चार दिनमै दुवै योजनाको शिलान्यास भएपछि तोकिएको समयभन्दा अगावै निर्माण सम्पन्न हुने अपेक्षा स्थानीयमा बढेको छ। लहान नगरपालिकाको विकट क्षेत्र मानिने तरेगना जाने सडक कालोपत्रे हुने भएपछि स्थानीय बासिन्दा उत्साहित भएका छन्। शिलान्यासका क्रममा केही स्थानीयले नगरप्रमुख चौधरीप्रति "मेयर साहेब यस्तो हुनुपर्छ" भन्दै प्रशंसा गरेका थिए।

त्यस्तै, वडा नं. ४ स्थित गोधूलि होटलभन्दा उत्तरतर्फको पुरानो बस्तीमा पक्की नालासहित कालोपत्रे सडक बन्ने भएपछि स्थानीय पनि खुसी भएका छन्। सामान्य वर्षा हुँदा समेत सडकमा हिलो जमेर हिँडडुलमा समस्या हुने गरेको स्थानीयको भनाइ छ। नगरप्रमुख चौधरीका अनुसार निर्माण कम्पनीले दुवै योजनाको काम अबको दुई महिनाभित्रै सम्पन्न गर्ने दाबी गरेको छ। योजनाहरू समयमै सम्पन्न भए तरेगना क्षेत्रको सडक पहुँच तथा वडा नं. ४ को पुरानो बस्तीको सडक र नाली व्यवस्थापनमा महत्वपूर्ण सुधार आउने अपेक्षा गरिएको छ।

उजुरीदेखि तामेलीसम्म : अख्तियारको निर्णय कति जवाफदेही ?



सम्भव कोइराला

भ्रष्टाचारविरुद्ध उजुरी लिनेदेखि मुद्दा दर्ता गर्नेसम्मको संवैधानिक दायित्व पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो वार्षिक प्रतिवेदन बिहीबार राष्ट्रपतिलाई बुझाएको छ। उक्त प्रतिवेदनमा उल्लिखित तथ्य तथ्याङ्क केलाउने क्रम जारी छ। आयोगलाई मूलतः कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अधिकारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने वा गराउने अधिकार तोकिएको छ।

अधिकारको कोणबाट हेर्दा अख्तियार विशेष अधिकारसम्पन्न संवैधानिक रूपमा महत्त्वपूर्ण संस्था हो। यस्तो संस्थाले प्रयोग गर्ने अनुसन्धानको अधिकार प्रशासनिकमात्र नभई नागरिकको अधिकार, सार्वजनिक पदाधिकारीको उत्तरदायित्व र राज्यप्रतिको जनविश्वाससँग जोडिएको हुन्छ। अख्तियारको अनुसन्धान प्रक्रिया उजुरीबाट सुरु हुन्छ। उक्त उजुरीलाई प्रारम्भिक रूपमा छानबिन गर्ने, मनासिब देखिएमा अनुसन्धान अगाडि बढाउने, प्रमाण सङ्कलन गर्ने र अनुसन्धानबाट प्राप्त तथ्य प्रमाण केलाउँदै भ्रष्टाचार भएको आधार र कारण देखेमा विशेष अदालतमा मुद्दा दायर गर्ने अधिकार आयोगलाई प्राप्त छ। तर उजुरी धेरै पर्छन् भने अदालतमा सीमित मुद्दामात्र दायर हुन्छन्। बाँकी उजुरी प्रारम्भिक चरणहरूमै रोकिन्छन्।

यो प्रक्रिया सजिलै बुझ्न 'जवाफदेही इनिसिएटिभ' नामक संस्थाले गरेको अनुसन्धानबाट प्राप्त तथ्याङ्क हेर्न सकिन्छ। 'जवाफदेही इनिसिएटिभ'ले नागरिक प्रविधि (सिभिक टेक)को माध्यमबाट नेपालका भ्रष्टाचारसम्बन्धी मुद्दाका फैसला, आदेश र अन्य सार्वजनिक अभिलेख एकै ठाउँमा सङ्कलन गरी भ्रष्टाचारसम्बन्धी मुद्दाको स्थायी ई–अभिलेख निर्माण गर्ने उद्देश्यले काम गर्दै आएको छ।

विगत १४ आर्थिक वर्ष (आ.व. २०६९/७०–२०८२/८३)का विशेष अदालतका अभिलेख तथा आ.व. २०८१/८२सम्म प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदनको अध्ययन र विश्लेषणमा आधारित यस अनुसन्धानले उजुरीदेखि अनुसन्धान र मुद्दा दायरासम्मको प्रक्रियालाई तथ्याङ्कमार्फत बुझ्न मद्दत गर्छ। आर्थिक वर्ष २०८१/८२मा अख्तियारमा ३७ हजार २६ वटा उजुरी दर्ता भएका थिए जसमध्ये २८ हजार ५५४ नयाँ उजुरी थिए भने ८ हजार ४७२ उजुरी आर्थिक वर्ष २०८०/८१बाट जिम्मेवारी सरी आएका थिए। ती ३७ हजार २६ उजुरीमध्ये १७ हजार ३१० उजुरी तामेलीमा पुगे भने ५८६ उजुरीलाई सुझावसहित तामेलीमा राखियो। यसरी कुल उजुरीको ४८.३ प्रतिशत तामेलीमा राखिएको देखिन्छ।

अख्तियारले ९९७ वटा उजुरीमा विस्तृत अनुसन्धान अगाडि बढाएको थियो। विस्तृत अनुसन्धानमा गएका उजुरीमध्ये १३७ वटा (१३ प्रतिशत) मा अदालतमा मुद्दा दायर भएको थियो भने ७९४ वटा (७५ प्रतिशत) उजुरी तामेलीमा राखिए। बाँकीमध्ये १०५ उजुरीमा सुझाव दिइएको (१० प्रतिशत), ११ वटा आवश्यक कारबाहीका लागि लेखी पठाइएको (१ प्रतिशत) र १० उजुरी मुल्तबीमा राखिएको (१ प्रतिशत) थियो। यसले आयोगमा परेको प्रत्येक उजुरी अदालतसम्म नपुग्ने तथ्यलाई सङ्केतात्मक रूपमा देखाउँछ।

झट्ट हेर्दा यो तथ्याङ्कमा ठूलो अन्तर देखिन्छ। तर यसलाई "अख्तियारले हजारौँ भ्रष्टाचारका उजुरी नजरअन्दाज गऱ्यो" भनेरमात्र बुझ्नु सही हुँदैन। किनभने आयोगमा परेका उजुरी कसरी अगाडि बढ्छन् भन्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ ले विस्तृत रूपमा व्यवस्था गरेको छ। उक्त कार्यविधिअनुसार आयोगमा पुगेको कुनै पनि उजुरी दर्ता गर्न इन्कार गरिँदैन। तर दर्ता भएका सबै उजुरी सिधै अनुसन्धानमा जाँदैनन्। पहिले उजुरी परीक्षण (स्क्रिनिङ) समितिले उजुरीको वर्गीकरण गर्छ। हदम्याद नाघेका, आयोगको क्षेत्राधिकारभित्र नपर्ने, प्रथम दृष्टिमै तथ्ययुक्त नदेखिएका वा गोलमटोल लेखिएका उजुरी तामेलीमा राख्न सिफारिस हुन्छन् भने बाँकी उजुरी आवश्यक कारबाहीका लागि सम्बन्धित महाशाखामा पठाइन्छन्।

त्यसपछिको प्रारम्भिक छानबिनमा सम्बन्धित कागजात झिकाइन्छ, निकाय वा पदाधिकारीसँग प्रतिक्रिया माग गरिन्छ र आवश्यक परे स्थलगत निरीक्षणसमेत गरिन्छ। अधिकारको दुरुपयोग गरी भ्रष्टाचार भएको ठोस कारण र आधार देखिएमा मात्र अनुसन्धान अधिकृत तोकी विस्तृत अनुसन्धान अगाडि बढ्छ। प्रमाण नदेखिएमा उजुरी तामेलीमै राखिन्छ। त्यसैले आयोगमा परेको हरेक उजुरी विस्तृत अनुसन्धानमा पुग्छ वा अन्ततः अदालतमा मुद्दा बन्छ भन्ने अपेक्षा गर्नु उचित हुँदैन।

तर यसो भन्दाभन्दै पनि प्रश्न उठ्छः ती उजुरीमाथि अनुसन्धान नगर्ने वा मुद्दा नचलाउने निर्णय गर्दा साँच्चै यही कार्यविधिको अधीनमा रही गरिन्छ कि गरिँदैन? किन कुनै उजुरीलाई अनुसन्धानको प्रक्रियासम्म पुऱ्याइन्छ र अन्यलाई पुऱ्याइँदैन ? अनुसन्धानमा गएकामध्ये पनि किन कुनैमाथि मुद्दा दायर गरिन्छ र अन्यलाई तामेलीमा राखिन्छ? ती आधार कति स्पष्ट, वस्तुनिष्ठ र समान रूपमा लागू भएका छन् ? यी आधार र कारणबारे नेपाली जनताले जान्न र बुझ्न खोजेमा के हुन्छ ?

यी प्रश्नको सान्दर्भिकता त्यतिबेला झन् बढ्छ जब कुनै उजुरीलाई विस्तृत अनुसन्धान नगरी वा अनुसन्धानपछि मुद्दाका रूपमा अगाडि नबढाई तामेलीमा राखिन्छ। यस्तो अवस्थामा तामेलीको कानुनी अर्थ, त्यसका लागि आयोगलाई प्राप्त अधिकार र त्यस्ता निर्णयका आधार तथा प्रक्रिया हेर्न आवश्यक हुन्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(१२) अनुसार अनुसन्धान तथा तहकिकातका क्रममा सङ्कलित प्रमाणबाट आरोप प्रमाणित हुन नसक्ने देखिएमा कारणसहितको पर्चा खडा गरी आयोगले उजुरी तामेलीमा राख्न सक्छ। पछि नयाँ प्रमाण फेला परेमा त्यही विषयमा पुनः अनुसन्धान अगाडि बढाउन सकिने व्यवस्था पनि ऐनमा छ। भ्रष्टाचारको उजुरी परेकै भरमा मात्र कसैलाई दोषी मान्न मिल्दैन। प्रत्येक उजुरी तथ्य र प्रमाणले पुष्टि हुन्छ भन्ने पनि हुँदैन। आरोप पुष्टि हुने पर्याप्त आधार नदेखिएमा मुद्दा अगाडि नबढाउने निर्णयले व्यक्तिलाई अनावश्यक अभियोजनबाट जोगाउँछ र राज्यको अभियोजन शक्तिको प्रयोगलाई पनि प्रमाणमा आधारित बनाउँछ। राज्यसँग मुद्दा चलाउने अधिकार छ भन्दैमा त्यो अधिकार हरेक उजुरीमा प्रयोग गर्नैपर्छ भन्ने हुँदैन।

यसका साथै व्यावहारिक पक्ष पनि छ। आयोगमा दर्ता हुने सबै उजुरी गम्भीर वा तथ्यमा आधारित हुन्छन् भन्ने छैन। व्यक्तिगत रिसइबी, राजनीतिक प्रतिशोध, व्यापारिक प्रतिस्पर्धा वा हल्लाकै भरमा दिइएका उजुरी पनि पर्न सक्छन्। आयोगको आफ्नै कार्यविधिले सनाखत हुन नसक्ने, गोलमटोल लेखिएका, प्रथम दृष्टिमै तथ्ययुक्त नदेखिएका, अत्यन्त सामान्य विषयका, हदम्याद नाघेका र एकपटक तामेलीमा परिसकेको विषयमा नयाँ प्रमाणविना पुनः दिइएका उजुरीलाई छुट्टै वर्गमा राखेको छ। यस्ता उजुरीमा अनुसन्धान नगर्नु आयोगको कमजोरी नभई सीमित जनशक्ति र स्रोत गम्भीर प्रकृतिका विषयमा केन्द्रित गर्ने आवश्यकता हो। यही कारण तामेलीको सङ्ख्या ठूलो देखिनुलाई आफैंमा असफलताको प्रमाण मान्न मिल्दैन।

तर यहींनेर प्रश्न फेरि फर्किन्छ — कति उजुरी साँच्चै आधारहीन थिए र कति उजुरी प्रमाण जुटाउन नसकिएर वा नखोजिएर तामेलीमा राखिए भन्ने कुरा बाहिरबाट छुट्टयाउने आधार उपलब्ध छैन। आयोगले तामेलीमा राखेका उजुरीको वर्गीकरण — कति क्षेत्राधिकारबाहिरका थिए, कति सनाखतै हुन नसक्ने खालका थिए र कति अनुसन्धानपछि प्रमाण नपुगेर तामेलीमा गए — सार्वजनिक गरेमा यो अन्तर सजिलै स्पष्ट हुन सक्छ।

साथै अर्को प्रश्न पनि जोडिन्छः आयोगलाई ऐनले तामेलीमा राख्ने अधिकार दिएको अवस्थामा आयोगले उक्त अधिकारको प्रयोग उपलब्ध प्रमाण र कानुनका आधारमा निष्पक्ष रूपमा गरिरहेको छ भनी हामीले कहिलेसम्म शङ्काको सुविधा दिइरहने ? प्रश्न आयोगलाई तामेलीमा राख्न पाउने अधिकार दिने कि नदिने भन्ने नभएर त्यो अधिकार कुन आधारमा र कसरी प्रयोग भइरहेको छ भन्ने हो। आयोगले प्रयोग गर्ने अधिकार सार्वजनिक अधिकार हो। यसको प्रयोगका आधार र प्रक्रियामाथि प्रश्न उठाउनु संस्थामाथिको अविश्वास नभई सार्वजनिक जवाफदेहीको स्वाभाविक हिस्सा हो।

उजुरी तामेलीमा राख्ने निर्णय आफैंमा गलत नभए पनि विस्तृत अनुसन्धानमा पुगेका ७५ प्रतिशत उजुरी अदालतसम्म नपुगी तामेलीमा राखिएको देख्दा त्यसका कारण र प्रक्रियाबारे जान्न खोज्नु वैध र स्वाभाविक सार्वजनिक प्रश्न हो। धेरै फाइल तामेलीमा राखिएका अवस्थामा ती निर्णयका आधार र कारण सार्वजनिक रूपमा बुझ्न सकिने बनाउनु जनविश्वासका लागि महत्त्वपूर्ण हुन्छ। यसले अख्तियारको निर्णय प्रक्रियामात्र जवाफदेही बनाउँदैन। अनुसन्धानमा परेका व्यक्तिलाई पनि आफूविरुद्धको आरोप उपलब्ध प्रमाणका आधारमा तत्काल पुष्टि नभएको स्पष्ट देखाउने अवसर दिन्छ।

मुद्दा चलेको अवस्थामा अदालतको अन्तिम फैसला सार्वजनिक रूपमा थाहा पाउन सकिन्छ भने मुद्दा नचलाउने निर्णय किन गरियो भन्ने आधार पनि सार्वजनिक रूपमा बुझ्न पाउनुपर्छ। यस्तो पारदर्शिताले अख्तियारमाथिको विश्वास र सार्वजनिक जवाफदेही दुवैलाई बलियो बनाउन सक्छ। तामेलीको अर्को पक्ष यसको पुनः अनुसन्धानसँग जोडिन्छ। नयाँ प्रमाण भेटिएमा तामेलीमा राखिएको विषयमा पुनः अनुसन्धान गर्न सकिने व्यवस्था छ। व्यवहारमा कति फाइल पुनः खोलिए र त्यसपछि कति मुद्दा दायर भए भन्ने तथ्याङ्कले पनि तामेलीको अभ्यास कसरी भइरहेको छ बुझ्न मद्दत गर्छ।

त्यसैले तामेलीलाई न उजुरी दबाउने माध्यमका रूपमा बुझ्न मिल्छ न त तामेलीमा पुगेको हरेक फाइललाई प्रमाण नपुगेकै कारण स्वाभाविक रूपमा बन्द भएको मान्न सकिन्छ। यसको मूल्याङ्कन गर्दा — अख्तियारले के आधारमा निर्णय गऱ्यो? अनुसन्धानमा प्रमाणलाई कसरी हेरियो? समान प्रकृतिका उजुरीमा समान मापदण्ड अपनाइयो कि अपनाइएन? भन्ने शङ्कासहितका प्रश्न रहन्छन् नै।

प्रश्न आयोगको निष्पक्षतामा विश्वास गर्ने कि नगर्ने भन्ने नभएर

–बाँकी तीन पेजमा

उजुरीदेखि तामेलीसम्म...

संवैधानिक संस्थामाथि विश्वास कसरी निर्माण हुन्छ भन्ने हो। अख्तियारलाई स्वतन्त्र रूपमा काम गर्न दिनुपर्छ र प्रमाण नपुगेको अवस्थामा मुद्दा नचलाउने अधिकार पनि सुरक्षित हुनुपर्छ। तर स्वतन्त्रता भनेको जवाफदेहीबाट मुक्ति होइन। आयोगको शक्ति निजी शक्ति नभई संविधानले प्रदान गरेको सार्वजनिक शक्ति हो। त्यसैले सार्वजनिक शक्तिको परीक्षा उसले कसलाई मुद्दा चलायो भन्नेमा मात्र हुँदैन। कहिलेकाहीँ कसैलाई किन मुद्दा चलाइएन र त्यो निर्णयबारे जनताले कति बुझ्न सक्छन् भन्नेमा पनि हुन्छ र हुनुपर्छ। (जवाफदेही इनिसिएटिभमा केसवर्कर) बाह्रखरीबाट

शीत भण्डार ...

लगानीसँगै निर्माण सामग्री नोक्सान भइरहेको बताए। "पिलर फुटाएर फलाम निकालिएको छ, बाँकी फलामे रड पनि हराउँदै गएका छन्। सरकारले बनाउने भनेर छाडेको संरचना अहिले संरक्षण गर्ने मान्छे नभएको जस्तो देखिन्छ", उनले भने।

किसानले भाडा पाएनन्

शीत भण्डार बन्ने आशामा पडरियाका आठ किसानले करिब एक बिघा दुई कट्ठा उब्जाउ कृषि जग्गा ३० वर्षका लागि भाडामा दिएका थिए। प्रतिकट्ठा वार्षिक रु आठ हजारका दरले भाडामा दिइएको उक्त जग्गाको वार्षिक भाडा करिब रु एक लाख ७६ हजार हुने सम्झौता थियो।

निर्माण अलपत्र परेपछि किसानले जग्गाको भाडा मात्र होइन, भाडामा दिएको जग्गामा खेतीपातीसमेत गर्न पाएका छैनन्। स्थानीय किसान सुरतलाल चौधरीका अनुसार नेपाली चौधरी, सियाराम चौधरी, जीवन चौधरी, प्रकाश चौधरी, सीताराम चौधरी, अन्तिलाल चौधरी, बिन्तीलाल चौधरीसहित आठ जनाले शीत भण्डार निर्माणका लागि जग्गा भाडामा दिएका थिए।

जग्गादाता नेपाली चौधरीले शीतभण्डारका लागि जग्गा दिएको सात वर्षदेखि भाडा नपाएको बताए। उनका अनुसार अहिलेसम्म रु १२ लाखभन्दा बढी भाडा पाउन बाँकी छ। "शीत भण्डार बनाउने भनेकाले जग्गा दियौँ। न शीत भण्डार बन्यो, न भाडा आयो। खेतीपाती गर्न पाएनौँ", उनले भने।

जग्गादाता जीवन चौधरीले आफूले साढे चार कट्ठा उब्जाउ जग्गा शीत भण्डार निर्माणका लागि दिएको बताए। निर्माणको जिम्मा पाएको फर्मका सञ्चालकलाई खोज्दै राजविराजसम्म पुगे पनि भेट्न नसकेको र फोन सम्पर्कसमेत हुन नसकेको उनको भनाइ छ। "न संरचना बन्यो, न जग्गाको भाडा आयो। न त खेतीपाती गर्न पाइयो। अहिले जङ्गल र झाडी मात्रै बाँकी छ", उनले भने।

प्रदेशका आठ शीतभण्डारको अवस्था उस्तै लहानको आयोजना मात्र होइन, मधेस प्रदेश सरकारले आव २०७५/७६ देखि अघि बढाएका अधिकांश शीत भण्डार आयोजना अझै सञ्चालनमा आउन सकेका छैनन्। प्रदेशका सात जिल्लामा आठ शीत भण्डार निर्माणका लागि करिब रु एक अर्ब ७९ करोड ९३ लाख बराबरको सम्झौता भए पनि अधिकांश आयोजना फाउन्डेसन, माटो फिलिङ र कम्पाउन्ड वालमै सीमित छन्।

धनुषाको लक्ष्मीनियाँमा एक हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जनहित कृषक समूहसँग रु १६ करोड ६५ लाखमा सम्झौता भएको थियो। समूहका अध्यक्ष ललितनारायण यादवका अनुसार कृषकको लगानी रहेको उक्त आयोजनामा हालसम्म करिब रु तीन करोड खर्च भए पनि प्रदेश सरकारबाट रु ८१ लाख ५० हजार मात्र प्राप्त भएको छ।

पर्साको वीरगन्ज–२६ सुगौलीमा पाँच हजार मेट्रिकटन क्षमताको शीत भण्डार निर्माणका लागि शिवम् एग्रो इन्डस्ट्रिजसँग रु २७ करोड ८२ लाख ९९ हजारमा सम्झौता भएको थियो। त्यहाँ प्रारम्भिक 'लेआउट'को कामभन्दा अरू अघि बढेको छैन। वीरगन्जकै अर्को आयोजनामा ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजसँग रु १७ करोड ११ लाखमा सम्झौता भए पनि कम्पाउन्ड वालसम्मको काम भएको छ।

बाराको सिम्रौनगढमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि अमन मत्स्य फार्मसँग रु २४ करोड ७४ लाख ८४ हजारमा सम्झौता भएको थियो। त्यहाँ फाउन्डेशनसम्मको काम भएको छ। रौतहटको गरुडा–१ मा राष्ट्रिय हर्बल प्रोसेसिङ प्रालिसँग रु २६ करोड ८५ लाखमा सम्झौता भएको आयोजना पनि अलपत्र छ।

सर्लाहीको बरहथवा–५ मा एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डारका लागि लवकुश बचत तथा ऋण सहकारी संस्थासँग रु १८ करोड ३५ लाखमा सम्झौता भएको थियो। त्यहाँ माटो फिलिङ र फाउन्डेशनबाहेक काम हुन सकेको छैन।

सप्तरीको राजविराज–भल्लीमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जिल्ला सहकारी संस्थासँग रु ३१ करोड पाँच लाखमा सम्झौता भएको थियो। साठी प्रतिशत काम सम्पन्न भएको दाबी गरिए पनि आयोजना अझै सञ्चालनमा आएको छैन। यस आयोजनामा संघीय सहकारी विभागबाट रु सात करोड १७ लाख र प्रदेश सरकारबाट रु एक करोड चार लाख भुक्तानी भइसकेको छ।

लेखक तथा राजनीतिक विश्लेषक राजेश विद्रोहीले राजनीतिक स्वार्थका आधारमा आयोजना छनोट गर्ने, बजेट विनियोजन गर्ने तर कार्यान्वयनको जिम्मेवारी र जबाफदेहितामा बेवास्ता गर्ने प्रवृत्तिले विकास आयोजना अलपत्र पर्ने गरेको बताए।

उनका अनुसार योजना छनोटदेखि ठेक्का, सम्झौता र बजेट खर्चसम्मका प्रक्रियामा राजनीतिक प्रभाव, अनियमितताले स्थान पाउँदा आयोजना समयमै सम्पन्न हुन नसक्ने अवस्था देखिन्छ। "आयोजना छनोट हुन्छ, बजेट पनि खर्च हुन्छ तर वर्षौंसम्म सम्पन्न हुँदैन भने त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठ्छ", उनले भने, "यस्ता आयोजना अलपत्र पर्नुमा राजनीतिक स्वार्थसँगै कार्यान्वयनमा हुने ढिलासुस्ती, अनियमितता र कमजोर जबाफदेहिता पनि जोडिएको हुन्छ।"

अख्तियार र महालेखाको प्रश्न

शीत भण्डार निर्माणका क्रममा योजना छनोट, लागत निर्धारण, सम्झौता तथा भुक्तानी प्रक्रियामा प्रश्न उठेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको थियो। विसं २०७९ मा पडरियासहित प्रदेश सरकारले विभिन्न जिल्लामा अघि बढाएका शीत भण्डार आयोजनामा अनियमितता भएको उजुरी परेपछि सम्बन्धित फाइल मन्त्रालयबाट झिकाएर अनुसन्धान गरिएको थियो।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा सञ्जयकुमार यादवका अनुसार शीत भण्डार निर्माणका क्रममा भएका केही भुक्तानीलाई महालेखापरीक्षक र अख्तियारका प्रतिवेदनमा बेरुजुका रूपमा औँल्याइएको छ। आयोजना कार्यान्वयनमा देखिएका कानुनी तथा नीतिगत जटिलताका कारण प्रदेश सरकारले आवश्यक निर्णय नगरेसम्म आयोजना अघि बढाउने वा नयाँ ढङ्गले व्यवस्थापन गर्ने विषयमा स्पष्ट दिशा आउन कठिन रहेको उनले बताए।

त्यस्तै, मन्त्रालयका प्रवक्ता मनिषकुमार पालका अनुसार तत्कालीन प्रदेश सरकारले विभिन्न जिल्लामा सुरु गरेका शीत भण्डारसम्बन्धी केही विषय अदालतमा विचाराधीन छन्। "शीत भण्डार प्रदेशको गौरवको योजना भए पनि यो धेरै गिजोलिएको छ। विगतमा धेरै कमीकमजोरी देखिएका छन", उनले भने, "यसलाई अब अगाडि बढाउन प्रदेश सरकारले कानुनी र नीतिगत निर्णय लिनुपर्छ। नत्र सम्भव छैन।"

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

सर्लाही र सिन्धुली जोड्ने सडक पहिरोका कारण अवरुद्ध

सर्लाही, ६ असोज। सर्लाहीको बागमती र सिन्धुलीको हरिहरपुरगढी जोड्ने सडक पहिरोका कारण अवरुद्ध भएको छ। गत शनिबार वर्षासँगै गएको पहिरोबाट बागमती नगरपालिका–११ का विभिन्न तीन स्थानमा सडक पुरिएको हरिहरपुरगढी गाउँपालिका–६ का वडाध्यक्ष एकबहादुर मोक्तानले बताए।

पहिरोले सडकमा क्षति पुऱ्याएसँगै त्यस खण्ड भएर चल्ने यातायातका साधन ठप्प भएका छन्। सडक बन्द भएपछि बिरामीलाई अस्पतालसम्म लैजानसमेत समस्या उत्पन्न भएको छ। अन्तरप्रदेशस्तरीय उक्त सडकले पूर्व–पश्चिम लोकमार्ग र मदन भण्डारी लोकमार्गलाई जोड्छ। कर्मैया–पिपलमाडी १६ किलोमिटर क्षेत्रमा सडक अवरुद्ध भएपछि यात्री पैदल नै हिँड्न बाध्य भएका छन्।

सडक अवरुद्ध भएपछि हरिहरपुरगढी गाउँपालिका क्षेत्रका विभिन्न एक दर्जन गाउँका सर्वसाधारण दैनिक उपभोग्य वस्तु किनमेल गर्न, औषधि उपचार र अन्य प्रयोजनका लागि टाढा धाएर हेटौँडा वा सिन्धुली जान बाध्य छन्। छोटो सडक पहिरोबाट अवरुद्ध भएपछि सर्वसाधारण लामो बाटो छिचोलेर हेटौँडा पुग्नुपर्ने बाध्यता रहेको व्यवसायी किस्मतराज मैनालीले बताए।

चाडपर्वको मुखमा सडक अवरुद्ध हुँदा उपभोक्ता र व्यापारी दुवैले समस्या झेल्नुपरेको उनको भनाइ छ। कर्मैया–पिपलमाडी सडकमा सञ्चालन हुने बोलेरोसहित अन्य साना सवारी थन्क्याएर बस्नुपरेको यातायात व्यवसायी कर्मा लामाले बताए। यातायात सेवा अवरुद्ध भएपछि स्थानीय पैदल हिँडेरै आउजाउ गर्न र दाल, चामललगायत खाद्यवस्तु थाप्लोमा बोक्न बाध्य भएको स्थानीयको गुनासो छ। बागमती र मधेस प्रदेश जोड्ने 'लिङ्क रोड'का रूपमा रहेको कर्मैया–पिपलमाडी सडकखण्डमा चुरेको जोखिमपूर्ण डेढ किलोमिटर सडक सर्लाहीतर्फ रहेको छ।

रास्वपाको मधेश अधिवेशन अनिश्चित, विधि मिच्दै भएका तल्लो तहका अधिवेशन रद्दको सुझाव

काठमाडौं, ६ असोज। सत्तारुढ दल रास्वपाको मधेश अधिवेशन अनिश्चित बनेको छ। सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटका लागि पार्टीले केन्द्रीय नेताहरूलाई जिम्मेवारी दिएर मधेश पठाएपनि अधिवेशनको अन्योल भने कायमै छ। सहमहामन्त्री हरि ढकालको नेतृत्वमा संगठन विभाग प्रमुख प्रमोद न्यौपाने, प्रवक्ता जगदीश खरेल, सहप्रवक्ता सुरेन्द्र चौधरी नेताहरू अशोक कुमार चौधरी र पुनम अग्रवाललाई मधेशको वस्तुस्थिति बुझ्न पार्टीले खटाएको थियो।

सहमहामन्त्री ढकालको नेतृत्वको टोलीले मधेशका आठै जिल्लामा पुगेर स्थानीय नेता कार्यकर्ताहरूसँग छलफल गरेको थियो। पालिका, क्षेत्र, जिल्ला र प्रदेश समिति संरचनामा रहेकाहरूसँग छलफल गरिएको संगठन विभाग प्रमुख प्रमोद न्यौपानेले जानकारी गराए। कार्यदलका सदस्यहरू मधेशका आठ जिल्लामा पाँच दिन बिताएर गत साता काठमाडौं फर्केका थिए। मधेशकै नेताहरू कार्यदलमा राख्दा स्वार्थको प्रश्न उठ्न सक्ने विश्लेषणसहित अन्य प्रदेशका नेताहरू सम्मिलित कार्यदल गठन गरिएको थियो।

मधेशबाट संघीय संसद्मा रहेका र त्यहाँबाट केन्द्रीय समितिमा रहेका नेतहरूसँग पनि कार्यदलले छलफल गरिसकेको छैन। प्रतिनिधि सभाका सांसद र मधेशबाट केन्द्रीय सदस्यहरूसँग पनि छलफल गरिसकेपछि विस्तृत प्रतिवेदन बुझाउने तयारी कार्यदलले गरेको छ। मधेशका जिल्लाहरू भ्रमण गरिसकेपछि पार्टीको सचिवालय बैठकमा सहमहामन्त्री ढकालले प्रारम्भिक प्रतिवेदन पेश गरेका थिए। कार्यदलले विस्तृत प्रतिवेदन प्रतिवेदन पेश गरेपछि थप रणनीति तय गर्ने सचिवालय बैठकले निर्णय गरेको छ।

पार्टी सदस्यता र प्रतिनिधि विवादको विवाद हुँदा रास्वपाले मधेशका ७ जिल्लाको अधिवेशन नगरी केन्द्रीय महाधिवेशन गरेको थियो। मधेश प्रदेश समितिका लागि समेत अधिवेशन हुन सकेको छैन। मधेशका आठ जिल्लामा पर्सामा मात्रै नयाँ नेतृत्व आएको छ। मधेशको वस्तुस्थिति अध्ययन गरेर आएको टोलीले हालसम्म निचोड पेश गर्न नसक्दा बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीको अधिवेशनको अन्योलता कायमै छ। अर्कोतर्फ, अधिवेशनको वातावरण बनाउनका लागि सभापति रवि लामिछाने स्वयं मधेशका जिल्ला भ्रमण गर्ने तयारी पनि हालका लागि स्थगित गरिएको छ। 'कुनै जिल्लामा समस्या कम छैन। एकै किसिमको जिल्ला समस्या छ,' अग्रवालले भनिन्।

महाधिवेशन अघि मधेशमा अधिवेशन हुन नसक्नुमा गुटबन्दी, नेताहरुले आफू अनुकूलको व्यक्तिलाई प्रश्रय दिनु, सांसदहरुको हस्तक्षेप, फरक फरक दलबाट आएका व्यक्तिहहरुको रास्वपामा प्रतिस्पर्धा लगायत कारण देखाइएको थियो। कार्यदलको सदस्य एवं सांसद पुनम अग्रवालले मधेशमा तत्काले अधिवेशन हुने सम्भावना नरहेको जानकारी गराइन्। अग्रवालले अनलाइनखबरसँग भनिन्,'प्रतिवेदन बुझाइसकेका छैनौं। विस्तृत प्रतिवेदन पेश गरेपछि मधेश संगठन र अधिवेशनको बारेमा पार्टीले निर्णय लिन्छ।'

मधेशका जिल्लामा सांगठनिक अवस्था, तल्लो तहमा आन्तरिक किचलो लगायतको अध्ययन गरिसकेपछि स्थानीय तह चुनाव अघि अधिवेशन नगर्ने विकल्पमा पनि रास्वपामा छलफल सुरु भएको छ। कतिपय स्थानमा भइसकेको अधिवेशन समेत रद्ध गर्नुपर्ने राय समेत तल्लो तहबाट आएको छ। प्रदेशका रास्वपा सभापति तपेश्वर यादवले १३६ पालिकामध्ये १० देखि १५ वटा पालिकाको अधिवेशन हुन सकेको जानकारी केही दिन अघि अनलाइनखबरलाई दिएका थिए।

कार्यदलको भ्रमण पछि अधिवेशन भइसकेका केही स्थानको अधिवेशन रद्ध गर्नुपर्ने निर्क्यौलमा कार्यदल पुगेको छ। महाधिवेशनको प्रतिनिधि बनाउने उद्धेश्यले आफूखुसी सदस्यता बाँड्ने र आफू अनुकूलका व्यक्तिलाई पार्टी संरचनामा स्थान दिइएको गुनासो कार्यकर्ताले कार्यदल सामू राखेका थिए। पालिका, जिल्ला र प्रदेश तहका संरचनामा रहेका पदाधिकारी माथि प्रश्न उठेको कार्यदल सदस्य अग्रवालले जानकारी गराइन्। 'टिमले बुझाएको अडिट रिपोर्ट अनुसार कारबाही पनि हुन्छ। सुधार्नु पर्ने ठाउँमा सुधार्ने काम हुन्छ,' अग्रवालले भनिन्,'कति ठाउँमा अधिवेशनहरू खारेज गर्नुपर्नेछ।'

पार्टीको विधि उल्लंघन गरेर गरिएका अधिवेशन रद्ध गरी ती स्थानमा स्थानीय चुनावसम्म तदर्थ समिति गठन गर्नुपर्ने राय सुझाव पनि तल्लो तहबाट आएको छ। स्थानीय चुनावसम्म तदर्थ समिति मार्फत नै संगठन अघि बढाउन सकिने विकल्प पनि रहेको कार्यदल सदस्य अग्रवालले जानकारी गराइन्। मधेशमा पार्टीको आन्तरिक संगठनमा असर गर्नुमा आगामी स्थानीय तहको चुनावकेन्द्रित अपेक्षा पनि रहेको कार्यदलको बुझाई छ।

पालिका, नगर, जिल्ला, प्रदेशको नेतृत्वमा रहेकै व्यक्तिले स्थानीय तहको उम्मेदवारको टिकट वितरण गर्ने बुझाई स्थानीय नेता कार्यकर्तामा रहेको छ। स्थानीय तहमा उम्मेदवार क्लब मार्फत उम्मेदवार छनोट गर्ने विधिबाट जानकारी गराउने कार्यदल सदस्य अग्रवाललले जानकारी गराइन्। रास्वपाले प्राइमरी इलेक्सन मार्फत व्यक्तिको क्षमता, सांगठिनक क्रियाशीलता, छवि, योग्यता, उम्मेदवार एकेडेमीको प्रस्तुति लगायतको मूल्यांकन गरेर मात्रै उम्मेदवार छनोट गरिने विधि बनाएको छ। गाउँपालिकाको उम्मेदवार हुन इच्छुकका लागि भदौ १ गतेदेखि आवेदन खुला गरिएको छ।

अध्ययन कार्यदलको सुझाव प्रतिवेदन पेश भइनसकेको, सभापतिको भ्रमण अनिश्चित, चाडपर्व लगायतका कारणले रास्वपाको मधेशको अधिवेशन छिट्टै हुन नसक्ने नेताहरूको बुझाइ छ।

भन्सार छलीका १३ लाख रुपैयाँभन्दा बढीको सामान बरामद



सिरहा, ६ असोज । नेपाल–भारत सीमा जोडिएका जिल्लाका विभिन्न स्थानमा सुरक्षा गस्तीमा खटिएको सशस्त्र प्रहरी बलको टोलीले भन्सार छली गरी अवैध रूपमा नेपाल भित्र्याइएका १३ लाख रुपैयाँभन्दा बढीका सामान बरामद गरेको छ। सीमा क्षेत्रमा गस्ती गर्ने क्रममा सशस्त्र प्रहरीका छुट्टाछुट्टै टोलीले सोमबार जिल्लाका विभिन्न सीमावर्ती स्थानबाट १३ लाख ३५ हजार २५१ रुपैयाँबराबरका भन्सार छली गरी अवैध रूपमा नेपाल भित्र्याइएका तथा भारततर्फ चोरी निकासी गर्न खोजिएका सामान बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिराहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए ।

उनका अनुसार बिआर ३२ ओ ११३५ नम्बरको भारतीय मोटरसाइकलमा लोड गरिएको अवस्थामा लत्ताकपडा, किराना सामान, सुर्ती, कस्मेटिक सामान, जुत्ता, खेलौना, पेयपदार्थ तथा मदिरा बरामद गरिएको हो । बरामद सामान आवश्यक प्रक्रिया पूरा गरी माडर भन्सार कार्यालयमा दाखिला गरिएको उनले बताए ।

दुई महिनामा एक करोड १५ लाखभन्दा बढीको सामान बरामद

पछिल्लो समय सशस्त्र प्रहरीले सीमानाकाबाट हुने अवैध निकासी तथा चोरी पैठारीविरुद्ध कडाइका साथ निगरानी र गस्ती गरिरहेको जनाएको छ । सीमा क्षेत्रमा कडाइका साथ गस्ती बढाएपछि भन्सार छली गरी ल्याइएका अवैध सामान बरामद हुने क्रम बढेको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरीका अनुसार जिल्लाका विभिन्न सीमावर्ती क्षेत्रबाट गस्तीका क्रममा गत साउन र भदौमा गरी एक करोड १५ लाख २१ हजार ५२ रुपैयाँबराबरका अवैध सामान तथा मोटरसाइकल बरामद गरी भन्सार कार्यालयमा दाखिला गरिएको छ ।

गत २३ साउनमा मोटरसाइकल, लत्ताकपडा, कस्मेटिक सामान, किराना सामान तथा विभिन्न ब्रान्डका मदिरासहित ४५ लाख ७४ हजार ५९ रुपैयाँबराबरको अवैध सामान बरामद गरी भन्सारमा दाखिला गरिएको थियो ।

त्यस्तै, भदौमा ६९ लाख ४६ हजार ९९३ रुपैयाँबराबरका अवैध सामान बरामद गरी भन्सार कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सेटिङमा कुवेत उडे एक नेपाली, छानबिनमा तानिए अध्यागमन अधिकृत

काठमाडौं, ६ असोज । श्रम स्वीकृति बिना नै एक नेपाली कुवेत उडेको पाइएको छ । हिजो सोमबार त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट एक व्यक्ति श्रम स्वीकृतिबिनै कुवेत उडेको पाइएपछि अहिले छानबिन अघि बढाइएको छ ।

छानबिनका लागि विमानस्थलमा कार्यरत एक अध्यागमन अधिकृत अध्यागमन विभाग तानिएका छन् । विभागको नेपाली पोर्ट प्रणाली तथा सीसीटीभी फुटेजमा देखिएअनुसार ती यात्रु बिहान साढे ६ बजेतिर अध्यागमन प्रवेश गरेका थिए । अध्यागमन डेस्कमा करिब आधा घण्टा उनले बिताएको देखिन्छ । त्यतिबेला अर्को व्यक्तिसँग कुराकानी गरेको समेत देखिएको छ ।

त्यसपछि ती व्यक्तिलाई करिब ७:१० बजे प्रस्थान अनुमति दिइन्छ । संकास्पद गतिविधि देखिएपछि अनुसन्धान गर्दा ती व्यक्तिको श्रम भिसा समेत आएको देखिँदैन । श्रम स्वीकृतको प्रक्रिया अघि बढाए पनि प्राप्त भने भएको दैखिँदैन ।

अनुसन्धानका क्रममा ती यात्रुले जापानमा रहेका एक व्यक्तिसँग रकमसम्बन्धी कारोबार गरेको समेत पाइएको छ । यो घटनामा एक अध्यागमन अधिकृतको भूमिका संकास्पद देखिएपछि उनी छानबिनमा तानिएका छन् । ती व्यक्तिमाथि थप अनुसन्धान गर्न भन्दै अख्तियारलाई पत्राचार गरिएको छ ।

मधेशका पूर्वाधार आयोजना अनुगमन गर्न प्रतिनिधिसभाको उपसमिति गठन

सिरहा, ६ असोज । मधेश प्रदेशमा सञ्चालित पूर्वाधार विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइसम्बन्धी आयोजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकन गर्न प्रतिनिधिसभाको पूर्वाधार विकास समितिअन्तर्गत मधेश प्रदेश उपसमिति गठन गरिएको छ । उपसमितिमा सांसद तपेश्वर यादव, डा. मो. फिरदोश आलम, यशोदा कुमारी, राजकिशोर महतो कोइरी र रामाकान्त प्रसाद चौरसिया सदस्य रहेका छन् ।

उपसमितिले मधेश प्रदेशभित्र समितिको कार्यक्षेत्रमा पर्ने मन्त्रालय, सरकारी निकाय तथा विभिन्न आयोजनाको व्यवस्थापन, कार्यसम्पादन र गतिविधिको अध्ययन तथा मूल्यांकन गर्नेछ । अनुगमनका क्रममा देखिएका विषयमा आवश्यक टिप्पणी र सिफारिससहित पूर्वाधार विकास समितिसमक्ष प्रतिवेदन पेस गरिने यादवले बताए । त्यस्तै, आयोजनामा सार्वजनिक सम्पत्तिको हिनामिना भए–नभएको, प्रचलित ऐन, नियम तथा सम्झौताअनुसार काम भए–नभएकोसमेत अध्ययन गरिनेछ ।

सम्बन्धित आयोजनाका प्रतिवेदन, करार सम्झौता, लेखा तथा अन्य कागजात अध्ययन गर्नुका साथै आयोजना स्थलको स्थलगत अनुगमन र सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरिनेछ । आवश्यकताअनुसार विज्ञ, विशेषज्ञ तथा अनुसन्धानकर्तासँग समेत परामर्श गरी उपसमितिले प्रतिवेदन तयार गर्नेछ । उपसमितिको कार्यावधि २०८३ साल माघ मसान्तसम्म तोकिएको छ ।

प्रप्रसहित आठ जनाविरुद्ध ७३ लाखको भ्रष्टाचार मुद्दा

काठमाडौं, ६ असोज । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद पोखरेलसहित आठ जनाविरुद्ध ७३ लाख ६१ हजार ९५३ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उनीहरुविरुद्ध आर्थिक वर्ष २०७८/७९ मा त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ मा वडा नं. ६ हरियापानी पालङ्ग माझफाल हुदै रुकुमसम्म सडक योजनाको ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरीत कम रकम कबोल गर्नेलाई अनुत्तिर्ण गरी बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत तथा ठेक्का प्रदान गरी भ्रष्टाचार गरेको आरोप लागेको छ ।

सो नगरपालिकाका प्रशासकीय अधिकृत हिरा चन्द्र धराला, वरिष्ठ लेखा सहायक रुपचन्द्र बुढा, शिक्षा अधिकृत भिम बहादुर थापा, एमआइएस अपरेटर शरिचन्द्र विष्टविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । यसैगरी, सो नगरपालिका वडा नं. ६ स्थित हरियापानी पालुङ्ग माझफाल हुदै रुकुमसम्म सडक निर्माण कार्यको खरिद प्रक्रिया मुल्याङ्कनमा सङ्लग्न बोलपत्र मुल्याङ्कन समितिका सदस्य शिशिर कुमार गुरुङ, छल निर्माण सेवा प्रा. लि. दुनै, डोल्पा र उक्त निर्माण सेवाका प्रोपाइटर दिपचन्द् रोकायाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम उनीहरुविरुद्ध बिगो रकम ७३ लाख ६१ हजार ९५३ रुपियाँ कायम गरी सजाय हुन मागदाबी लिइ मङ्गलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

अब भरतपुर आँखा अस्पतालको सेवा सर्लाही हरिपुर्वामा



सर्लाही, ६ असोज । नेपाल नेत्र ज्योति संघ अन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पतालको सेवा यहाँस्थित हरिपुर्वाबाट पनि सुरुआत भएको छ । हरिपुर्वा नगरपालिका–२, स्थित नगर अस्पताल भवनबाट हीरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थानसँगको समन्वयमा भरतपुर आँखा अस्पतालको सेवा यहाँ विस्तार गरिएको हो । सेवा विस्तारसँगै आँखा उपचारसम्बन्धी विशेषज्ञ सेवा अब हरिपुर्वामै उपलब्ध हुने भएको छ । भरतपुर आँखा अस्पतालले प्रदान गर्ने विशेषज्ञ सेवा गाउँमा नै पाएपछि स्थानीय उत्साहित बनेका छन् ।

उपचार केन्द्रमा सेवा लिन आएकी हरिपुर्वा–३, कि रुपनी देवीले गाउँमै सेवा पाएको जनाउँदै खुसी व्यक्त गरिन् । आँखा उपचारको लागि टाढा धाउनुपर्दा धेरै खर्च भएको उनको अनुभव ताजै छ । "दुई महिना पहिला खेतमा काम गर्दा आँखामा धानको पातले घोचेको थियो", उनले सुनाइन्, "उपचार गर्न जनकपुर, भरतपुर धेरै धाउनुपर्यो । दुःख धेरै पाइयो, खर्च उस्तै भयो । अहिले सबै सुविधा गाउँमै आयो ।"

अस्पतालमा चिकित्सक सधैँ बस्नुपर्ने उनको माग छ । सेवा सुरु गरेको केही समयपछि बन्द हुने समस्याले आफूहरू आजित भएको जनाउँदै स्वास्थ्य सेवा निरन्तर पाए आसपासका पालिकाका नागरिकले समेत सेवासँगै राहत पाउने उनले बताइन् । हरिपुर्वा नगरपालिका, स्वास्थ्य शाखा प्रमुख लालबाबु रायले अब आँखाका बिरामीले अन्योलमा भौतारिनुपर्ने, टाढा धाउनुपर्ने समस्या नहुने जानकारी दिए ।

नगरप्रमुख विनोदकुमार साह तेलीले आँखाका बिरामीको लागि आवश्यक उपचार सामग्री, औषधिलगायतको व्यवस्थापन गरेर उपचार केन्द्र सञ्चालनमा ल्याइएको जानकारी दिए । केन्द्रले आवश्यकताअनुसार बेलाबेलामा मोतिया विन्दुको शल्यक्रियालगायतको निःशुल्क शिविर सञ्चालन गरेर सेवा दिने उनको भनाइ छ । नगरका वयोवृद्ध आमा, बुबाले अब आँखाको ज्योति खोज्न भौतारिनु नपर्ने उनले दाबी गरे । सेवा सञ्चालन भएसँगै आँखाका बिरामीको आकर्षण बढेको नगर स्वास्थ्य शाखाले जनाएको हो ।

निलम्बित मेयर यादवको पुनरावेदन सर्वोच्चद्वारा अस्वीकार, ३ वर्ष कैद र १५ लाख जरिवाना सदर

रौतहट, ६ असोज । रौतहटको फतुवा विजयपुर नगरपालिकाका निलम्बित मेयर गोपाल राय यादवलाई भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले पुनरावेदन अस्विकार गरेको छ । लालबकैया नदीको ढुंगा, गिट्टी तथा बालुवा ठेक्का प्रकरणमा विशेष अदालत काठमाडौंले गरेको फैसलाविरुद्ध यादवले दायर गरेको पुनरावेदनमा सोमबार सर्वोच्च अदालतले 'पुनरावेदन जिकिर नपुगेको' आदेश दिएको हो ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको संयुक्त इजलासले यस्तो आदेश दिएको हो । आदेशसँगै विशेष अदालतले यादवलाई सुनाएको तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवानाको फैसला कायम रहने भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७५/७६ मा लालबकैया नदीको नदीजन्य पदार्थ ठेक्कामा अनियमितता भएको दाबी गर्दै यादवसहित २१ जनाविरुद्ध २०७९ असार १२ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । अख्तियारले स्थानीय तहलाई १ करोड ५३ लाख ५० हजार १९९ रुपैयाँ नोक्सानी भएको दाबी गरेको थियो ।

विशेष अदालतले २०८० असोज १७ गते यादवलाई मात्र दोषी ठहर गरेको थियो भने अन्य २० प्रतिवादीले सफाइ पाएका थिए । २०८० असोज २४ गते अदालतले यादवलाई तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो । उक्त फैसलाविरुद्ध यादव सर्वोच्च पुगे पनि सोमबारको आदेशले उनको पुनरावेदनबाट राहत पाउने बाटो बन्द भएको छ ।

लालबकैया नदीको ठेक्का फतुवा विजयपुर र गुजरा नगरपालिकाले संयुक्त रूपमा लगाउने र त्यसबाट प्राप्त आम्दानी क्रमशः ६० र ४० प्रतिशत बाँडफाँट गर्ने व्यवस्था थियो । तर ठेक्का प्रक्रियामा कानुनी प्रावधान पालना नभएको र ठेक्का रद्द गर्दा स्थानीय तहलाई आर्थिक क्षति पुगेको अख्तियारको अभियोग थियो । २०७९ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट दोस्रो पटक मेयर निर्वाचित यादव भ्रष्टाचार मुद्दामा दोषी ठहर भई सजाय पाएपछि पदबाट निलम्बित भएका हुन् । उनको पद रिक्त भएपछि कांग्रेसबाटै निर्वाचित उपमेयर अम्बेया खातुनले कार्यवाहक मेयरका रूपमा फतुवा विजयपुर नगरपालिका सञ्चालन गर्दै आएकी छन् ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)